प्रदेश सरकार
लुम्बिनी प्रदेश

# आर्थिक मामिला तथा सहकारी मन्त्रालय

(वित्त व्यवस्थापन महाशाखा)

मुकामःबुटवल, नेपाल

पत्र संख्या : (वि.स.तथा अ.व्य.) २०७८/०७९

चलानी नं. : ९१६

मितिः२०७८।१२।३०

विषयः आगामी आर्थिक वर्ष २०७९/८० का लागि समपूरक अनुदानका आयोजनाको प्रस्ताव गर्ने सम्बन्धमा।

श्री स्थानीय तह, (सबै १०९ वटा),
लुम्बिनी प्रदेश ।

आगामी आर्थिक वर्ष २०७९/८० का लागि प्रदेश समपूरक अनुदान सम्बन्धी आयोजना तथा कार्यक्रमको प्रस्ताव यसैसाथ संलग्न सुचनाको अधिनमा रही २०७९ वैशाख मसान्तभित्र अनिवार्य रुपमा विद्युतीय प्रणाली http://lumbini.csgrants.gov.np/ मार्फत् गर्नु/गराउनुहुन माननीय मन्त्रिस्तरको मिति २०७८।१२।३० को निर्णयानुसार अनुरोध छ ।

२०७८।१२।३०
जिवकला भण्डारी
अधिकृत सातौं

अधिकृत सातौं

प्रदेश सरकारको सोंच " समृद्ध प्रदेशः खुशी जनता"
**Email:** moeap5.temp@gmail.com/moeap5.anudan@gmail.com
**Website:** moeap.lumbini.gov.np

प्रदेश सरकार
लुम्बिनी प्रदेश
आर्थिक मामिला तथा सहकारी मन्त्रालय
मुकामःबुटवल
(प्रकाशित मिति २०७८।१२।३०)

प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ मा व्यवस्था भए बमोजिम स्थानीय तहहरुबाट आ.व. २०७९/८० मा समपूरक अनुदान अन्तर्गत कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रमहरुको प्रस्ताव सहितका अन्य आवश्यक विवरणहरु तयार गरी २०७९ वैशाख मसान्तभित्र यस सम्बन्धी विद्युतीय प्रणालीमार्फत् आर्थिक मामिला तथा सहकारी मन्त्रालयमा पठाउनु हुन लुम्बिनी प्रदेशका सबै स्थानीय तहको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

समपूरक अनुदानको लागि आयोजना तथा कार्यक्रम प्रस्ताव पेश गर्न अनलाईन प्रणालीमा प्रविष्टि गर्ने प्रकृया यस प्रकार रहेको छ ।

१.उप-महानगरपालिका, नगरपालिका र गाउँपालिकाको लागि लग-इन गर्ने विवरणहरु (User ID/Password) राष्ट्रिय योजना आयोगबाट प्रदान गरिएको विवरण नै प्रयोग गर्नु पर्नेछ ।यस सम्बन्धी वेवसाइट http://lumbini.csgrants.gov.np/ मा गई समपूरक अनुदानको लागि प्रस्ताव पेश गर्ने लिङ्क खोली विवरणहरु पेश गर्ने ।

अधिकृत सातौं

(क) स्थानीय तहहरुले समपूरक अनुदान माग गर्दा प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ को अधिनमा रहि माग गर्नुपर्नेछ ।

**(ख) समपूरक अनुदान प्रस्ताव सम्बन्धी शर्तहरुः**

**१. समपूरक अनुदानका लागि निम्न क्षेत्रका आयोजना/कार्यक्रममा रकम माग गर्न सकिनेछ ।**

| क्र.सं. | मूलभूत क्षेत्र | प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधिको व्यवस्था |
|---|---|---|
| १ | पूर्वाधार क्षेत्र | क) सडक सुविधाबाट बञ्चित रहेका क्षेत्र वा समुदायमा सडक सुविधा पुऱ्याउनको लागि सञ्चालन गरिने सडक आयोजना,<br>ख) सिँचाईको सम्भाव्यता देखिएका क्षेत्रमा सिँचाई सुविधा उपलब्ध गराई उत्पादन वृद्धिमा सहयोग पुऱ्याउने प्रदेश तथा स्थानीय स्तरमा सञ्चालन गरिने सिँचाई सम्बन्धी विशेष आयोजना,<br>ग) विद्युत सेवाबाट बञ्चित रहेका क्षेत्र र समुदायमा विद्युत सेवा सुविधा उपलब्ध गराउने विशेष आयोजना तथा कार्यक्रम,<br>घ) पूलपुलेसा नभएको कारणबाट आवागमनमा कठनाई व्यहोरिरहेका क्षेत्र वा समुदायमा सहज आवागमन सुविधा पुऱ्याउनका लागि सञ्चालन गरिने सडक पूल सम्बन्धी आयोजना,<br>ङ) स्थानीय स्तरमा एकीकृत बस्ती विकासका लागि सञ्चालन गरिने जग्गा एकीकरण तथा जग्गा विकास सम्बन्धी आयोजना तथा कार्यक्रम,<br>च) फोहोरमैला व्यवस्थापन सम्बन्धी आयोजना तथा कार्यक्रम । |
| २ | आर्थिक क्षेत्र | क) रोप-वे, केबलकार, पदमार्ग, पर्यटन प्रवर्द्धनजस्ता पूर्वाधार विकासको क्षेत्रमा लगानी प्रवर्द्धन हुने सम्भावना देखिएका आयोजना तथा कार्यक्रम |
| ३ | कृषि, भुमिसुधार तथा वन क्षेत्र | क) वैकल्पिक उर्जा विकास, जैविक विविधता तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धी आयोजना तथा कार्यक्रम,<br>ख) कृषि तथा पशुपंक्षी विकास र मत्स्यपालनसँग सम्बन्धित आयोजना तथा कार्यक्रम। |
| ४ | सामाजिक क्षेत्र | क) खानेपानी सुविधाबाट बञ्चित रहेका क्षेत्र वा समुदायमा खानेपानी सुविधा पुऱ्याउनका लागि सञ्चालन गरिने ग्रामीण तथा प्रादेशिक स्तरका खानेपानी आयोजना तथा कार्यक्रम,<br>ख) विपद् व्यवस्थापन, विपद् प्रतिकार्य, प्रकोप न्यूनीकरण, पुनःनिर्माण तथा पुनःस्थापना सम्बन्धी आयोजना तथा कार्यक्रम,<br>ग) उच्च शिक्षा शिक्षण संस्थान र विद्यालयको पूर्वाधार निर्माण सम्बन्धी आयोजना तथा कार्यक्रम,<br>घ) स्वास्थ्य सेवा उपलब्ध गराउन अस्पताल, स्वास्थ्य चौकी निर्माण सम्बन्धी आयोजना तथा कार्यक्रम,<br>ङ) सुरक्षित महिला गृह, अपाङ्ग पुनर्स्थापना केन्द्र, बाल संरक्षण गृह, ज्येष्ठ नागरिक आवास गृह वा मिलन केन्द्र लगायतका संरचनाको निर्माण र व्यवस्थापन सम्बन्धी आयोजना तथा कार्यक्रम । |

२.आयोजना तथा कार्यक्रमको रकमको सीमा र आयोजनाको कार्यान्वयनको अवधिः

- आयोजना तथा कार्यक्रमको न्यूनतम कुल लागत कम्तीमा पचास लाख हुनुपर्ने,
- स्थानीय तहबाट समपूरक अनुदानका लागि कार्यान्वयन हुन आयोजना तथा कार्यक्रमको वार्षिक अनुमानति खर्चको कम्तिमा ५० प्रतिशत रकम सम्बन्धित स्थानीय तह र अन्य क्षेत्रले व्यहोर्नुपर्नेछ,
- प्रदेश सरकारले स्थानीय तहलाई प्रदान गर्ने रकमको अधिकतम सीमा गाउँपालिकालाई रु. एक करोड पचास लाख, नगरपालिकालाई रु. दुई करोड र उप-महानगरपालिकालाई रु. तीन करोड रहेको छ,
- समपूरक अनुदानका लागि प्रस्तावित आयोजना तथा कार्यक्रमको अवधि बढीमा तीन वर्षको हुनुपर्ने,
- तीन आर्थिक वर्षमा सम्पन्न हुने आयोजना तथा कार्यक्रमको हकमा आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा प्रत्येक आर्थिक वर्षका लागि प्रदेश सरकार र स्थानीय तहले व्यहोर्ने रकम अनिवार्य रुपमा खुलाई प्रस्ताव गर्नुपर्नेछ ।

३. समपूरक अनुदानका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरुः

- आयोजना तथा कार्यक्रमको कुल लागत अनुमानको सारांश (Summary of cost estimates),
- प्रस्ताव पेश गर्ने स्थानीय तहले कम्तिमा ५० प्रतिशत रकम व्यहोर्ने गरी बजेट सुनिश्चितताको पत्र,
- आयोजनाको नक्सा, डिजाइन, स्पेशिफिकेशन सहितको विस्तृत विवरण,
- आयोजना तथा कार्यक्रमको सम्भाव्यता अध्ययन(फिजिविलिटी स्टडी) प्रतिवेदन तथा डि.पी.आर.,
- प्रचलित कानून बमोजिम आयोजना तथा कार्यक्रमको वातावरणीय अध्ययन प्रतिवेदन,
- प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ को अनुसूची-२ बमोजिमको वार्षिक आयोजना तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना,
- स्थानीय तहले समपूरक अनुदान माग गर्ने सम्बन्धमा गरेको कार्यपालिकाको निर्णयको प्रतिलिपी,
- अघिल्ला आर्थिक वर्षमा ३ आर्थिक वर्षका लागि स्वीकृत आयोजना तथा कार्यक्रमको प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ को अनुसूची-३ बमोजिमको चौमासिक प्रगति प्रतिवेदन।

**नोटः** *अघिल्ला आर्थिक वर्षमा तीन आर्थिक वर्षका लागि स्वीकृत आयोजना तथा कार्यक्रमको प्रगति विवरण प्रविष्टी गरी रकम माग गरेपश्चात वा रकम चाहिँदैन भनी प्रविष्टी गरेपश्चात् मात्र नयाँ आयोजना तथा कार्यक्रम प्रस्ताव गर्न सकिनेछ ।यस सम्बन्धी विस्तृत जानकारीको लागि प्रयोगकर्ता पुस्तिका हेर्न सकिनेछ ।*

*यथासम्भव एकमात्र मूलभूत क्षेत्रका आयोजना तथा कार्यक्रम प्रस्ताव नगरी एकभन्दा बढी मूलभूत क्षेत्रका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुहुनेछ ।*

*धेरै लागत अनुमान भएका आयोजना तथा कार्यक्रम प्रस्ताव नगरी तीन आर्थिक वर्षमा प्रदेश सरकारबाट प्रदान हुने रकम र स्थानीय तह समेतको लागत साझेदारीको रकमबाट समयमा नै सम्पन्न हुने आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुपर्नेछ ।*

अधिकृत सातौं

४. समपूरक अनुदानका आयोजना प्रस्ताव गर्दा निम्न लिखित शर्तहरु पूरा गरी

| क्र.सं. | शर्तहरु | फाइल अपलोड |
|---|---|---|
| १. | आयोजना तथा कार्यक्रमको कुल लागत निर्धारित सीमाभित्र रहेको (कम्तीमा पचास लाख) | कुल लागत अनुमान अपलोड गर्नुपर्ने |
| २. | आयोजना तथा कार्यक्रम कार्यान्वयन अवधि बढीमा तीन वर्ष भएको | |
| ३. | आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता र औचित्यता | |
| ४. | आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि भौतिक क्षमता तथा जनशक्तिको उपलब्धता भएको | |
| ५. | स्थानीय तहको आधारभूत पूर्वाधार निर्माणसँग सम्बन्धित रहेको | |
| ६. | जनताको आयस्तर तथा गरिबी निवारणमा योगदान पुऱ्याउने | |
| ७. | प्रस्ताव पेश गर्ने स्थानीय तहले कम्तिमा ५० प्रतिशत रकम व्यहोर्ने गरी बजेट सुनिश्चितताको पत्र | फाइल अपलोड गर्नुपर्ने |
| ८. | स्थानीय सीप, स्रोत र साधनको उपयोग हुने | |
| ९. | प्रदेशको प्राथमिकता प्राप्त क्षेत्रसँग सम्बन्धित रहेको | |
| १०. | आयोजनाको नक्सा, डिजाईन, स्पेसिफिकेशन सहितको विस्तृत विवरण भएको | फाइल अपलोड गर्नुपर्ने |
| ११. | आयोजना तथा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभको अनुमानित विवरण भएको | |
| १२. | आयोजना तथा कार्यक्रमको सम्भाव्यता अध्ययन(फिजिबिलिटी स्टडी) प्रतिवेदन तथा डि.पी.आर. | फाइल अपलोड गर्नुपर्ने |
| १३. | प्रचलित कानुन बमोजिम आयोजना तथा कार्यक्रमको वातावरणीय प्रतिवेदन | फाइल अपलोड गर्नुपर्ने |
| १४. | नेपाल सरकारले कार्यान्वयन गर्ने वा प्रदेश वा स्थानीय तहले आफ्नै वा अन्य स्रोतबाट एवम् समानीकरण अनुदान, सशर्त, समपूरक र विशेष अनुदानबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरुसँग दोहोरो नपरेको । | |
| १५. | वातावरणमा प्रतिकूल असर नगर्ने प्रकृतिको र सडक निर्माण सम्बन्धि आयोजनाहरुमा भू-धरातलीय जोखिम न्यूनीकरण गर्ने प्रविधि अवलम्बन गरिएको हुनुपर्ने । | |
| १६. | अघिल्ला आर्थिक वर्षमा ३ वर्ष कार्यान्वयन अवधि भनी स्वीकृति भएका आयोजना तथा कार्यक्रमहरुलाई अनिवार्य रुपमा पहिलो प्राथमिकतामा राखी आयोजना तथा कार्यक्रम प्रस्ता पेश गर्नुपर्नेछ ।त्यस्ता आयोजना तथा कार्यक्रमको लागि प्रस्ताव पेश नभएमा स्वतः बजेट विनियोजन हुने छैन र प्रदेश सरकारबाट उक्त आयोजनामा बजेट उपलब्ध गराउने छैन | |
| १७. | स्थानीय तहको कार्यपालिकाले समपुरक अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपी | फाइल अपलोड गर्नुपर्ने |
| १८. | कार्यविधिको दफा ३ मा उल्लेखित क्षेत्र अन्तर्गत प्रस्ताव गरेको हुनुपर्ने | |
| १९. | कार्यविधिको अनुसूची-१ को प्रमाणित प्रति | फाइल अपलोड गर्नुपर्ने |
| २०. | गाउँपालिकाले अधिकतम ६ वटा, नगरपालिकाले अधिकतम ८ वटा र उप-महानगरपालिकाले अधिकतम १२ वटासम्म आयोजना तथा कार्यक्रमहरु प्रस्तावको रुपमा पेश गर्नुपर्नेछ र त्यस्ता आयोजना तथा कार्यक्रमहरुको प्राथमिकिकरण गरी घट्दो क्रममा निर्धारण गरी पेश गर्नुपर्नेछ । | |

द्रष्टव्यः

१. आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा आर्थिक मामिला तथा सहकारी मन्त्रालयले ल्याएको विद्युतीय प्रणाली http://lumbini.csgrants.gov.np/ बाट विवरणहरु अनलाईन भरी प्रस्ताव गर्नुपर्नेछ ।

२. आयोजना प्रस्ताव सम्बन्धी अन्य जानकारीको लागि संलग्न फाइलहरु हेर्न सकिनेछ ।

(क) प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८

(ख) आयोजना विवरण वेवसाईटमा प्रविष्टि गर्ने प्रयोगकर्ता पुस्तिका

अधिकृत सातौं